बागमती प्रदेश सरकार
# श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्याः ०८२/८३
चलानी नम्बरः १०३४

मितिः२०८२/१२/२६

विषयः निर्देशन सम्बन्धमा।

श्री यातायात व्यवस्था कार्यालय, साना/ठूला सवारी, एकान्तकुना, ललितपुर।
श्री यातायात व्यवस्था कार्यालय, मोटरसाइकल, गुर्जुधारा, काठमाडौं।
श्री यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, एकान्तकुना, ललितपुर।
श्री यातायात व्यवस्था कार्यालय, सबै।

प्रस्तुत विषयमा सार्वजनिक सेवा प्रवाहलाई थप जिम्मेवार, उत्तरदायी र पारदर्शी बनाई सुशासनको प्रत्याभूति दिलाउनु राज्यको प्राथमिक दायित्व हो। हालको समयमा यस मन्त्रालय अन्तर्गतको कार्यालयबाट प्रदान गरिने सेवाहरूलाई थप सुदृढ र नागरिकमैत्री बनाउन एवं सेवाग्राहीहरुको गुनासो नआउने गरी प्रचलित कानून तथा कार्यविधिहरूको पालना गर्दै कार्यसम्पादनमा प्रभावकारिता ल्याउन आवश्यक देखिएकाले मातहतका सबै निकाय तथा कर्मचारीहरूका लागि देहायबमोजिमका बुँदाहरूमा कडाइका साथ पालना गर्ने गरी मन्त्रालयको मिति २०८२/१२/२६ को (मा.मन्त्रिस्तरीय) निर्णय बमोजिम यो निर्देशन जारी गरिएको छ।

१. नागरिकलाई सेवा प्रवाह छिटो, सहज, भेदभावरहित, प्रभावकारी तथा पहिलो आउनेले प्राथमिकता पाउने (First come first service) गरि उपलब्ध गराउने र नागरिक वडापत्रको पूर्ण कार्यान्वयन गर्ने।
२. सारग्राहीको सुविधालाई ध्यानमा राखी नागरिक सहायता कक्ष (Help Desk) स्थापना गरी अनधिकृत व्यक्तिहरूको प्रवेश निषेध तथा भ्रष्टाचार सम्बन्धी शून्य सहनशीलता अपनाउने नीति कार्यान्वयन गर्ने।
३. नागरिक बडापत्र, सूचना पाटी तथा वेबसाइटलाई निरन्तर अपडेट गर्ने र गराउने तथा सूचना अधिकृत र गुनासो सुन्ने अधिकृतको नाम र नम्बर देखिने गरी राख्ने।
४. कार्यालयहरूले गुनासो व्यवस्थापन प्रणालीलाई सक्रिय र प्रभावकारी बनाउने तथा प्राप्त उजुरीहरूको समयमै सुनुवाइ र समाधान गर्ने।
५. कर्मचारीहरूले इमान्दारी, निष्पक्षता तथा उच्च पेशागत आचरण कायम गर्ने र सेवाग्राहीप्रति उत्तरदायी व्यवहार गर्ने।
६. कार्यालय प्रमुखहरूले सेवा प्रवाहलाई प्रभावकारी बनाउन नियमित आन्तरिक अनुगमन तथा निरीक्षण गर्ने र आवश्यक सुधारात्मक उपायहरू अवलम्बन गर्ने
७. अनुगमन वा निरीक्षणका क्रममा सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गर्ने तथा आवश्यक कागजात र अभिलेखहरू व्यवस्थित रूपमा अद्यावधिक राख्ने।
८. कार्यालयका सबै कागजात तथा अभिलेखहरूको उचित संरक्षण, व्यवस्थापन र अभिलेखीकरण गर्ने।

फोन नं.: ०५७-५९०३६२, ईमेलः molet@bagamati.gov.np , वेबसाइटः molet.bagamati.gov.np

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्याः
चलानी नम्बरः

९. कुनै पनि अनियमितता वा त्रुटि देखिएमा त्यसको समयमै सुधार गर्ने र आवश्यक प्रक्रिया अवलम्बन गर्ने।

१०. सेवा प्रवाह, निर्णय प्रक्रिया तथा आर्थिक कारोबारलाई पारदर्शी, जिम्मेवार र व्यवस्थित बनाई वैज्ञानिक अभिलेखीकरण गर्ने।

११. सार्वजनिक खरिद, ठेक्का, भुक्तानी तथा बजेट खर्च सम्बन्धी कार्यहरू प्रचलित कानून तथा मापदण्डबमोजिम पारदर्शी र प्रतिस्पर्धात्मक रूपमा सञ्चालन गर्ने।

१२. सबै कार्यालयहरूले सेवा प्रवाह तथा कार्यसम्पादन सुधारका लागि नियमित रूपमा प्रगति तथा अनुपालन प्रतिवेदन मन्त्रालयमा पेश गर्ने।

सुनिता गजुरेल
(महाशाखा प्रमुख)

फोन नं.: ०५७-५९०३६२, ईमेलः molet@bagamati.gov.np , वेबसाइटः molet.bagamati.gov.np